

# नेपालमा हिउँ चितुवा

राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग

विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रम

अन्तर्राष्ट्रिय हिउँ चितुवा कोष


२००१

यो पुस्तिका विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रमले राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग, नेपाल र अन्तर्राष्ट्रिय हिउँ चितुवा कोषको सहयोगमा तयार पारेको हो ।

अंग्रेजी संस्करण
सुजन के. गुन्डरसनद्वारा संकलित एवं सम्पादित
प्राविधिक जानकारी: रडनी ज्याक्सन

नेपाल अनुवाद
श्रीमती विश्व मल्ल

*Cover Photo: R. Jackson©NGS*
*Page Header Image by Bonnie Marris: RARE Center for Tropical Conservation and David Hill*



# परिचय

हिउँ चितुवा (Uncia uncia) एउटा आकर्षक वन्यजन्तु हो जसले पहाडी जैविक विविधता संरक्षणको प्रवर्द्धन गर्छ । यस सुन्दर तथा खतरामा परेको विरालो प्रजाति विश्वको सबैभन्दा अग्लो स्थानमा पाईन्छ । साथै, यो अन्तर-सीमा राष्ट्रिय निकुन्ज तथा संरक्षित क्षेत्र स्थापना गर्न प्रोत्साहित गर्ने वातावरणीय दूत पनि हो ।



## शारीरिक विशेषता


- ठूलो आकारको विरालो प्रजातिमा पर्ने यी हिउँ चितुवा कुमदेखि पुच्छरसम्म लगभग १.८-२.३ मिटरसम्म लामो हुन्छ ।
- पुच्छर यसको प्रमुख विशेषता हो ।
- छोटो फराकिलो टाउको र उठेको निधार ।
- अत्यन्तै शानदार किसिमको खैरो भुवामा पंहेलो थोपा र त्यसको बीचबीचमा गाडा खैरो रंग र काला थोप्लाहरु पनि हुन्छन् ।
- भालेको वजन ४४-५५ कि.ग्रा. हुन्छ भने पोथीको ३५-४० कि.ग्रा. हुन्छ ।
- हुर्किसकेका यी जनावरहरुको पञ्जा ९-११ सेन्टिमिटर लामो र चौडाई ७-९ सेन्टिमिटर हुन्छ ।

### *पहाडी जीवनमा बाँच्नको लागि*

- पुरा बिकसित छाती ।
- अघिल्लो छोटो खुट्टा र ठीक्कको पञ्जा ।
- पछिल्लो लामो खुट्टा ।
- सन्तुलनको लागि लामो लचकदार पुच्छर (झण्डै एक मिटर) ।

### *चिसोमा बाँच्न सक्षम हुनका लागि*

- ठूलो आकारको नाकको प्वाल ।
- जिउमा लामो रौं अनि तल्लो पेटमा बाक्लो भुवा (पेटको भुवा १२ सेन्टिमिटर सम्म लामो हुन्छ) ।
- बाक्लो पुच्छर जसले जाडोमा मुख र शरीर छोप्न मिल्छ ।



## वितरण तथा तथ्यांक

- मध्य एशियाको पहाडी क्षेत्रमा २.५-३.० लाख वर्ग किलोमिटर क्षेत्रफलमा छरिएका छन् ।
- १२ वटा मध्य एशियाली मुलुकहरुमा पाईन्छः अफगानिस्तान, भुटान, चीन, भारत, काजकस्तान, किरगिस्तान, मंगोलिया, नेपाल, पाकिस्तान, रसिया, ताजिकिस्तान र उज्बेकिस्तान । सम्भवतः यो म्यानमार (वर्मा) मा पनि पाईन्छ ।
- प्रायजसो यो हिमालमा ३,०००-५,४०० मिटरको उचाईमा अनि मंगोलिया र रुसमा ९००-३,००० मिटर को उचाईमा पाईन्छ ।

### हिउँ चितुवाको स्थिति र वितरण चार्ट

| देश | संभावित वासस्थान | अनुमानित संख्या[1] |
|---|---|---|
| अफगानिस्तान | ८०,००० | जानकारी नभएको |
| भुटान | १०,००० | १०० |
| चीन[2] | ४००,००० | २,०००-२,५०० |
| भारत | ९५,००० | ५०० |
| मंगोलीया | १३०,००० | १,००० |
| नेपाल | ३०,००० | ३००-५०० |
| पाकिस्तान | ८०,००० | ३०० |
| रुस | १३१,००० | १२० |
| काजकस्तान[3] | ७१,००० | १००-१२० |
| किरगिस्तान[3] | १२६,००० | ६५० |
| ताजिकिस्तान[3] | ७८,००० | <२००-३०० |
| उज्बेगिस्तान[3] | १४,००० | <५० |


*टिपोटः*


[1] यी सवै अनुमान मात्र हुन् । तथ्यांक तथा वितरण सम्वन्धी सर्वेक्षण हुन आवश्यक छ ।

[2] हिउँ चितुवा पाउने कुल क्षेत्रको ६० प्रतिशत

[3] काजकस्तान, किरगिस्तान उज्बेकिस्तानमा पाईने प्रायजसो हिउँ चितुवा पहिलेको सोभियत संघमा पाईन्थ्यो ।

## हिउँ चितुवाको वासस्थान





## नेपालमा संभावित बसोबास र वितरण

- हिउँ चितुवा हिमाली र उप-हिमाली हरियो-परियो नभएको पहाडी भीरालो क्षेत्रमा बसोबास गर्छ ।
- यसले खोंच, भीर र पानी बग्ने ठाउँ मन पराउँछ । यी क्षेत्रहरुमा यसको दिउँसो आराम गर्ने, हिड्नेबाटो र आफ्नो उपस्थिती जनाउने ठाउँहरु पर्दछ ।
- यो भीर, चट्टाने पहाड र खोंचहरुमा बस्छ । शे-फोक्सुण्डो राष्ट्रिय निकुन्जको लांगु उपत्यकामा हिउँ चितुवाहरु प्रायजसो ५०-७५ मिटिरको भीर छेउछाउमा पाइन्छ ।
- चट्टाने वा खाल्डा खुल्डी ठाउँमा स-साना बच्चाहरु भएका पोथीहरुलाई मानिसहरु तथा ब्वाँसाहरुबाट खतरा बढी हुन्छ । (यी ब्वाँसाहरु प्रायजसो सम्म परेको र माथिल्लो क्षेत्रमा पाईन्छन्) ।
- नेपालमा हिउँ चितुवा प्राय: गरेर चीनको स्वशासित क्षेत्र तिब्बतसंग जोडिएको उत्तरी इलाकाहरुमा पाईन्छ र यसको ठुलो संख्या डोल्पो, हुम्ला, मुगु, मनाङ, मुस्ताङ क्षेत्रमा रहेको छ ।



Photo: WWF





Photo: PETER WINGLE





## नेपालमा हिउँ चितुवाको घनत्व

- नेपालमा हिउँ चितुवाको अनुमानित संख्या ३०० देखि ५०० रहेको छ । तर यी तथ्यांकहरु स्थलगत सर्वेक्षण गरेर पुष्टि गरिनु पर्छ- यो अन्तर्राष्ट्रिय हिउँ चितुवा कोषद्वारा विकसित हिउँ चितुवा सूचना व्यवस्था प्रणाली (SLIMS) को प्रयोग गरी हिउँ चितुवा पाईने देशका जीव वैज्ञानिकहरुको संयोजकत्वमा गरिनु पर्छ ।
- नेपालको शे-फोक्सुण्डो राष्ट्रिय निकुन्जको लांगु उपत्यकाको १०० वर्ग कि.मि.मा १०-१२ हिउँ चितुवा पाईएको छ । हिउँ चितुवा पाईने मुलुकहरुमा यो हिउँ चितुवाको सवैभन्दा ठुलो घनत्व हो ।
- अन्नपूर्ण संरक्षण क्षेत्रको मनाङगमा प्रति १०० वर्ग किलोमिटरमा ४.८-६.७ हिउँ चितुवाहरु छन् ।
- नेपालको प्रायजसो भागमा प्रति १०० वर्ग किलोमिटर मा ०.१-०.५ भन्दा पनि कम हिउँ चितुवाहरु छन् ।






Photo: Helen Freeman





Photo: Rodney Jackson©NGS



## नेपालका संरक्षित क्षेत्रहरू

- हिउँ चितुवा पाईने सम्पूर्ण क्षेत्रहरु मध्ये १२० वटा संरक्षित क्षेत्रमा हिउँ चितुवा पाइन्छ भन्ने अनुमान छ ।
- नेपालमा भने ८ वटा संरक्षित क्षेत्रमा हिउँ चितुवा देखिएको रिपोर्ट छ तर हरेक संरक्षित क्षेत्रमा कति छन् भनेर निश्चित गरिएको छैन ।

  १. अन्नपूर्ण संरक्षण क्षेत्र (१,६०० वर्ग किलोमिटरको मुस्ताङ क्षेत्र पनि समावेश गर्दा ७,६२९ वर्ग किलोमिटर) ।

  २. ढोरपाटन शिकार क्षेत्र (१,३२५ वर्ग किलोमिटर)

  ३. कञ्चनजंगा संरक्षण क्षेत्र (२,०३५ वर्ग किलोमिटर)

  ४. लाङटाङ राष्ट्रिय निकुन्ज (१,७१० वर्ग किलोमिटर)

  ५. मकालु-वरुण राष्ट्रिय निकुन्ज (१,५०० वर्ग किलोमिटर)

  ६. मनास्लु संरक्षण क्षेत्र (१,६६३ वर्ग किलोमिटर)

  ७. सगरमाथा राष्ट्रिय निकुन्ज (१,१४८ वर्ग किलोमिटर)


  ८. शे-फोक्सुण्डो राष्ट्रिय निकुन्ज (३,५५५ वर्ग किलोमिटर)




Photo: Helen Freeman

- हिउँ चितुवाको ठुलो संख्या शे-फोक्सुण्डो राष्ट्रिय निकुन्ज तथा अन्नपूर्ण संरक्षण क्षेत्रमा भएको अनुमान गरिएको छ ।
- यी हिउँ चितुवाहरुको २५-४५ प्रतिशत सम्भाव्य बासस्थान यी संरक्षित क्षेत्रभित्रै पर्छ । यी संरक्षित क्षेत्रको कुल क्षेत्रफल २२,००० वर्ग किलोमिटर छ तर यसमा जंगल तथा निर्जन क्षेत्रहरु पनि पर्छन् ।
- कम्प्यूटरको आँकडा अनुसार शे-फोक्सुण्डो राष्ट्रिय निकुन्ज तथा अन्नपूर्ण संरक्षण क्षेत्रले मात्र १०० वा त्यो भन्दा वढी हिउँ चितुवाको जीवनक्षम संख्या धान्न सक्छ । (तसर्थ ती क्षेत्रहरु नजिकैका निकुन्जहरुलाई जैविक मार्गद्धारा जोडिनु पर्छ) ।

**संरक्षित क्षेत्रमा हिउँ चितुवाको बासस्थान**







## घुमफिर गर्ने क्षेत्र

- घुमफिर गर्ने क्षेत्र भन्नाले उपलब्ध आहार प्रजातिको प्रचुरता साथै बासस्थानको गुणस्तर बुझिन्छ ।
- यसको घुमफिर गर्ने क्षेत्रहरु १२ देखि ३९ वर्ग किलोमिटर मा फैलिएको हुन्छ र छेउछाउका अन्य इलाकाहरुमा २०० किलोमिटर भन्दा ठुलो क्षेत्र पर्न सक्छ । (उदाहरणका लागि मंगोलिया जहाँ शिकारको एकदम अभाव छ ।)
- लांगू उपत्यकाको प्रमुख बासस्थान (शे-फोक्ससुण्डो राष्ट्रिय निकुन्ज)मा रेडियो कलर लगाइएको पांचवटा ( ३ वटा भाले, २ वटा पोथी) हिउँ चितुवा एउटै क्षेत्रमा घुमफिर गरेको पाईयो ।
- तथापि समयको हिसावले यी क्षेत्रहरुलाई वेग्ला, वेग्लै गरी छुट्याईएको थियो । (जस्तै: पुरा हुर्किसकेका वयस्कहरुले वेग्ला, वेग्लै समयमा एउटै क्षेत्र प्रयोग गर्छन् ।
- औसतमा प्रत्येक हिउँ चितुवाले १.९ देखि ३.२ किलोमिटर को दुरीमा एकअर्कालाई छुट्याइएको पाईयो । यो वन्यजन्तु एक्लै बस्न रुचाउँछ ।
- सर्वेक्षणहरुले देखाए अनुसार कुल स्थानीय क्षेत्रको १४-२३ प्रतिशत भित्र ४२-६० प्रतिशत हिउँ चितुवा देखिएका थिए ।



- दुई भाले तथा दुई पोथीले एउटै इलाका प्रयोग गरेको पाईयो जहाँ मौसम, बासस्थान, शिकारको प्रचुरता इत्यादी सवै दृष्टिकोणबाट एकदमै अनुकूल थियो ।
- मुख्य बासस्थानहरुमा बासस्थानको गुणस्तर हिउँ चितुवाहरुले मन पराएको पाइयो । अन्य ठाउँमा बासस्थानको गुणस्तर राम्रो पाईएन ।





Photo: Rodney Jackson©NGS



## आहार

- **यसले शिकार गर्ने दुई प्रमुख प्रजाति पाईने क्षेत्रमा आफ्नो घुमफिर गर्ने क्षेत्र बनाएको हुन्छ । जस्तैः**
  १. हिमाली र तिब्बती इलाकामा पाइने नाउर वा झारल ।
  २. काराकोरम टियनशान, मंगोलिया र रुसी पर्वतीय क्षेत्रमा पाईने एसियाली आईबेक्स ।
- **ठुला शिकारहरु–** यो मौकावादी शिकारी जन्तुले आफूभन्दा तीन गुणा ठुलो (वयस्क सांडे वा गोरु असाध्यै ठूला हुन्छन्) जनावरहरुलाई मार्न सक्छन् जस्तैः घोडा र गाईवस्तु ।
- **साना शिकारहरु–** प्रमुख साना वा अतिरिक्त आहार प्रजातिहरु नेपाल वा अरु क्षेत्रमा यस प्रकार छन् :
  - मार्मोट
  - पिका
  - खरायो
  - अरु साना जातका मुसाहरु
  - तिब्बती हिउँ भाले र चुकूर कालिज जस्ता चराहरु
- प्रायजसो क्षेत्रमा यसले आफ्नो प्राकृतिक आहार प्रजाति भन्दा घरपालुवा जन्तु बढी आहार बनाउने गर्छ । त्यसकारण गाईवस्तु बढी मार्‍यो भन्ने रिपोर्टमा छक्क पर्नु पर्ने कुनै कारण छैन । गाईवस्तुलाई राम्ररी सुरक्षित गरी राखिएको छैन भने यो डर झनै बढी हुन्छ । कुनै कुनै राष्ट्रिय निकुन्ज क्षेत्रमा समेत १५ देखि २० प्रतिशत शिकार त घरपालुवा गाईवस्तुनै भएका छन् ।
- कुनै कुनै ठाउँमा हिउँ चितुवाहरुले प्रजनन् गर्ने समयमा -फेब्रुवरी र मार्च महिनामा विशेष गरी *माइरीकारीया जर्मेनिका* जातका वनस्पति ज्यादै खाने गर्छन् तर यसो गर्नुको कारण भने पत्ता लागेको छैन ।
- नेपालको तथ्यांकले देखाए अनुसार:
  - एउटा हुर्किसकेको हिउँ चितुवाले प्रतिवर्ष २० देखि ३० सम्म नाउर मार्छ ।



Photo: Nick Wicks

  - यसले १०-१५ दिनमा वा महिनाको दुई पटक ठुलो जनावरको शिकार गर्छ ।
  - आफुले मारेको शिकारसित औषत २.७ दिन बस्छ र यसलाई गिद्ध वा कागहरुलाई खान नदिई प्रायजसो मासु आफैले खाने गर्छ (मानिस वरपर नदेखेको खण्डमा) ।
  - आफुले मारेको शिकार भएको ठाउँमा यो धेरै दिन बसेको खण्डमा मानिसबाट मारिने खतरा बढी हुन्छ ।
  - ब्वाँसो वा जंगली कुकुरले आफुले मारेको शिकार छिटो-छिटो खाएर जान्छ तर यसले विस्तारै खाने गर्छ ।




Photo: Rodney Jackson



## गतिविधि

- हिउँ चितुवाहरु बिहान सूर्य उदाउनु अघि र साँझमा अत्यन्तै सक्रिय हुन्छन्, मानिसहरु धेरै नभएको ठाउँमा दिउँसो पनि सक्रिय रहन्छन् तर मानिसहरुद्धारा विक्षुब्ध भएको खण्डमा राती मात्र हिँडडुल गर्छन् ।
- तिनीहरु प्रायजसो एक वर्ग किलोमिटर वा त्यो भन्दा कम क्षेत्रको सानो इलाकामा लामो समय सम्म रहन्छन् ।
- तिनीहरु लांगु उपत्यकामा एक किलोमिटर वा त्यो भन्दा कम क्षेत्रभित्र आवत जावत गर्छन् किनभने त्यहांको भू-भाग अत्यन्तै विकट छ । अरु ठाउँमा भने गतिविधि बढी देखिएको छ ।
- अप्ठयारो जमिनमा यो दिनभरिमा सात किलोमिटर सम्म हिँडंडुल गर्छ भने त्यो भन्दा बिकट र अप्ठयारो ठाउँ मा अझ कम हिँडंडुल गर्छ ।
- यसको गतिविधिबारे खासै तथ्य पत्ता लगाउन सकिएको छैन तर बिभिन्न समूहबीच अनुवंशिक सम्वन्ध कायम राख्न यसको अत्यन्तै आवश्यक हुन्छ ।

## आयु

- प्राकृतिक अवस्थामा यसको आयु १०-१२ वर्ष अनुमान गरिएको छ तर यो पुष्टि हुन आवश्यक छ ।
- यसको मुत्युको प्रमुख कारण मानिसहरुद्धारा यो शिकार हुनु हो । यसका बच्चाहरुलाई जंगलबाट उठाएर ल्याउनु अर्को कारण हो ।
- हिउँ चितुवाहरु रोग, कुपोषण वा अलपत्र गरेर छोंडिदा पनि मर्ने गर्छन् ।
- हिउँ चितुवालाई शिकार गर्ने एक मात्र जंगली जनावर ब्वाँसो हो ।
- आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन खोज्ने भालेहरुबीचको झगडाले गर्दा पनि हिउँ चितुवाहरु मर्ने गर्छन् ।
- शिकार कम भएको ठाउँमा वा मानिसहरुले बच्चाहरु लिएर जाँदा पनि बच्चाहरुको बाँच्ने दर घटेर जान्छ ।
- बच्चा हुकाईरहेका माऊ हिउँ चितुवाले जब घर पालुवा जनावरहरुलाई आक्रमण गर्ने गर्छ त्यसले जंगलमा आहाराको कमि छ भन्ने कुरा प्रष्ट पार्छ ।

## प्रजनन् स्वभाव

- प्रजनन्को समय जनवरीदेखि मार्च महिनाको बीचसम्म हुन्छ । त्यस समय यसले आफ्नो गन्ध चारैतिर छर्ने र चर्को आवाज निकालेर कराउने गर्छ ।
- प्रजनन् क्रिया २-१२ दिनसम्म रहन्छ ।
- गर्भावस्था ९०-१०३ दिनसम्म हुन्छ ।
- बच्चा वसन्त ऋतुको अन्ततिर वा ग्रीष्मकालको शुरुतिर जन्मन्छ ।
- एक पल्टमा २ देखि ३ वटा बच्चाहरु जन्मन्छन् र विरलै मात्र ७ वटा सम्म हुने गर्छ ।
- यसले बच्चाहरुलाई शुरुको ४-६ हप्तासम्म अंध्यारो, एकान्त ठाउँमा लुकाएर राख्छ ।
- पोथीहरु शुरुको १० दिन आहाराको खोजिमा जाँदा पनि बच्चालाई दुध खुवाउन धेरैचोटी ओढारमा फर्कने गर्छन् ।
- यी बच्चाहरु १८-२२ महिना पुगेपछि आमाको मद्दतबिना आफै बाँच्नसक्ने हुन्छन् ।
- अलि हुर्किसकेका बच्चाहरु केही समयसम्म माऊसंगै बस्छन्, ३-५ वटासम्म उत्राउत्रै आकारका बच्चाहरु संगसंगै देखिनुको यही कारण हो ।
- हिउँ चितुवाहरु २-३ वर्षको उमेरमा यौनक्रियाको लागि परिपक्व हुन्छन् ।





Photo: Helen Freeman



## प्रमुख खतराहरू

१. **चोरी शिकार –** चोरी शिकार, छालाको व्यापार, र परम्परागत चिनीया औषधीमा प्रयोग गर्न यसको हड्डी र अन्य अंगको व्यापार ।

२. **शिकारमा ह्रास –** प्राकृतिक अवस्थामा आहारको कमी ।

३. **समस्या सिर्जना गर्ने जनावर –** घरपालुवा जनावरहरु मार्ने हिउँ चितुवालाई गोठालाहरुले मार्छन् । यसैगरी बच्चाहरुलाई ओढारबाट लिएर आउने गर्छन् ।

४. **बासस्थानको कमी –** निम्नकृत तथा बिखण्डित बासस्थान ।

५. **चेतना एवं सहयोगको कमी –** गोठालाहरुमा चेतनाको कमी, र यसैलेगर्दा तिनीहरुले हिउँ चितुवा र अन्य जनावरहरुको जगेर्ना गर्न सकेका छैनन् ।




Photo: Rodney Jackson©NGS




Photo: Rodney Jackson©NGS




Photo: Ukesh R Bhuju






चरन तथा वासस्थानको कमी



शिकार

## चाल्नु पर्


- मरेको भन्दा जिउँदो हिउँ चितुवा निकै
- सर्वसाधारण जनता तथा निर्णयकर्ताहरु
- हिउँ चितुवाहरु बस्ने प्रमुख क्षेत्रहरु जो
- तिनीहरुको छाला तथा हाडको अवैध
- प्राकृतिक आहार प्रजातिको जगेर्ना गर्नु



लोप



गैह्रकानुनी छाला तथा हाडको व्यापार





को कमी



अवसरवादि शिकारी

**र्जै थप कदमहरू**

- मूल्यवान हुन्छ भन्ने धारणा हुनुपर्छ ।
- लाई चेतनशील बनाउनु पर्छ ।
- गाउनु पर्छ ।
- व्यापार नियन्त्रण गर्नु पर्छ ।
- र्नु पर्छ ।




प्रतिशोधमा मारिनु





शिकार





# खतरा नं. १

**चोरी शिकार** *(शिकार गरेर यसका छाला, हाड र शरीरका विभिन्न अंगहरु छाला व्यापार तथा परम्परागत चिनिया औषधीको लागि बेचबिखन) ।*

**छाला व्यापार-** विगत केही समयअघिसम्म पनि यसको वहुमूल्य छालाकोलागि हिउँ चितुवा मारिनु यसले सामना गर्नु परेको प्रमुख खतरा थियो ।


- मुगु जिल्लाका शिकारीहरुले हिउँ चितुवाको छालाको लागि १०-५० डलर कमाएको रेकर्ड छ ।
- कालो बजारमा भने राम्रो गुणस्तरको भुवाको कोट बेच्ने मानिसले निकै पैसा कमाउन सक्छ ।
- नेपालमा यो भुवाको बजार काठमाण्डौमा केन्द्रित छ । यसमा कश्मिरी व्यापारीहरुको बाहुल्यता छ र यी प्राय:जसो होटेल र विदेशीहरुकालागि मालताल बेच्ने पसलहरुमा किनबेच गरिन्छ ।
    - १९८९मा एक जना अनुसन्धानकर्ताले १२ वटा हिउँ चितुवाको छाला फेला पारे अनि एउटा पाँच तारे होटलले यसको लागि ३०० डलर दिन तयार भएको थियो ।
    - १९९३ मा एउटा अर्को सर्वेक्षणबाट पत्ता लागेअनुसार भुवा व्यापार गर्ने पसलहरुको संख्या वढेको थियो र पर्यटकहरुको संख्यामा पनि वृद्धि भएको भएतापनि भुवाको मागमा भने अत्यन्तै ह्रास आएको पाईयो ।

**परम्परागत चिनिया औषधीहरु** (TCM) मा प्रयोग हुने बाघको हड्डीको आपूर्ति कम हुन थालेपछि TCM को उत्पादकहरुले अन्य ठूला बिरालो प्रजातितिर ध्यान दिन थाले । उनिहरुले नक्कली अनुकल्पको प्रयोग गर्न पनि पछि परेनन् । एसियाली धनाढ्यहरुको परम्परागत र घरेलु कामोत्तेजक औषधिको माग हड्डीको आपूर्ति भन्दा बढी छ । तसर्थ, यसको छालाको भन्दा बढी पैसा आउने हड्डीको व्यापारमा बृद्धि हुन गयो ।

- नेपालमा गोठालाहरुले तिब्बतबाट घरपालुवा भेंडा बाख्रा लिनकोलागि यी हाडहरु साटासाट गरेको पाईएको छ ।
- चिनमा भित्रिने हिउँ चितुवाको हाड प्रायजसो तिब्बती भूमी र वरपरका हिमाली भेगका साथै काजकस्तान, किरगिस्तान, ताजिकिस्तान र उज्बेकिस्तानका पहाडहरुबाट आउने गरेको पाइएको छ ।
- यसरी छाला र हाडहरु बेच्दा हिमाली गाउँका मानिसहरुलाई निकै आम्दानी गर्ने मौका मिल्दछ, विशेष गरी ती ठाउँहरुमा जहाँ कानुनी व्यवस्था कमजोर र सजाय नगन्य छ ।



Photo: Thomas Kelly/WWF



## थप कार्यवाही गर्नु पर्ने आवश्यकताहरू

**छाला तथा हाडको व्यापारलाई नियन्त्रण गर्ने**

वर्तमान पद्धति तथा व्यापारको मात्रा पत्ता लगाउन द्रुत गतिमा सर्वेक्षण गर्ने । यस अघिको सर्वेक्षण झण्डै १० वर्ष अघि गरिएको थियो ।

- चोरी शिकार प्रतिरोध ग्रस्ती बढाई छाला र हड्डीको व्यापार लाई नियन्त्रण गर्ने । कानुन कार्यान्वयन बलियो बनाउने ।
- चोरी शिकार प्रतिरोध प्रविधिमा सुधार ल्याई व्यापार मार्गमा कडा निगरानी गर्ने (यो काम गाह्रो छ किनभने हिउँ चितुवाहरु बिकट पहाडी क्षेत्रहरुमा बस्छन् र व्यापार मार्गबारे हामीलाई पर्याप्त ज्ञान छैन) ।
- बाघ संरक्षणको लागि अपनाइए जस्तै: कडा निगरानी अपनाउने, मानिस सजिलै पुग्न सक्ने क्षेत्रहरुमा हिउँ चितुवा संरक्षण गर्न यही तरिका अपनाउन सकिन्छ ।
- संरक्षित क्षेत्रका कर्मचारीहरुलाई आवश्यक प्रशिक्षण र उपकरण एवं साधन उपलव्ध गराएर बिकट स्थान र प्रतिकूल वातावरणमा समेत काम गर्न सक्षम तुल्याउने ।
- चेतनामूलक कार्यक्रम गरेर स्थानीय जनताको सहयोग बढाउने (खतरा नं ५ हेर्नुहोस) भोगोलिक बिकटताले गर्दा यस्ता ठाउँमा कानून प्रवर्त्तन गर्न गाह्रो हुन्छ ।
- लोप हुन लागेका वन्यजन्तु तथा वनस्पति सम्वन्धी नेपालको प्रशासनलाई सुदृढ बनाउने (अवैध छाला व्यापार बारे अनुसन्धानकर्ताहरुले गरेको शिफारिसको आधारमा नेपालमा CITES को कार्यान्वयन सुदृढ गर्ने ।
  - काठमाण्डौलाई आधार बनाएर छाला व्यापारमा विशेष निगरानी राख्ने ।
  - शिक्षा र प्रचार प्रसारद्धारा उपभोक्ताहरुमा सजगता बढाउने ।
  - वन्यजन्तुको अवैध उत्पादन पहिचान गर्न भन्सार अधिकृतहरुलाई तालीम दिने ।





Photo: Thomas Kelly/WWF





# खतरा नं. २

## आहारको अभाव *(प्राकृतिक आहारामा ह्रास)*

प्रचुर मात्रामा र भरपर्दो प्राकृतिक आहार प्रजातिको आपूर्ति नभए हिउँ चितुवाले आहारा अन्यत्र खोजी घरपालुवा बस्तु मार्न थाल्छन् ।

- गाउँलेहरुले जंगलमा वन्यजन्तुहरु शिकार गर्ने हुँदा हिउँ चितुवाकोलागि आहार बाँकी रहँदैन ।
- जंगलमा वन्यजन्तु तथा घरपालुवा जनावरहरुले आहाराको लागि एकै ठाउँमा चर्न सक्छन् र त्यसो गर्दा चरणको अभाव मात्र होईन अतिचरीचरणले भू-क्षय समेत निम्त्याउँछ । वन्यजन्तुको बासस्थान नाजुक हुँदगएपछि मानिसले शिकार नगरेतापनि आहार प्रजातिको संख्या कम हुन्छ । हिउँ चितुवा मौकावादी भएको हुँदा यसले आफुलाई शिकार गर्न सजिलो हुने जन्तुलाई आक्रमण गर्छ र राम्ररी सुरक्षा नगरिएको घरपालुवा जनावरलाई आक्रमण गर्छ ।
- धेरै क्षेत्रहरुमा - विशेष गरेर संरक्षित क्षेत्रसंग जोडिएका मध्यवर्ती क्षेत्रहरुमा - वन्यजन्तुहरु भन्दा घरपालुवा जनावरहरुको संख्या निकै बढी छ ।
- वन्यजन्तु कम भएको ठाउँमा यी हिउँ चितुवाहरु घर पालुवा जनावरहरुमा अत्यन्तै निर्भर रहन्छन् । कुनै कुनै राष्ट्रिय निकुन्जहरुमा समेत यी हिउँ चितुवाको आहाराको १५ देखि २५ प्रतिशत घरपालुवा जनावरहरु नै हुन्छन् ।




Photo: WWF

- बच्चा हुर्काई रहेको माऊ हिउँ चितुवाहरुले घरपालुवा जनावरहरुलाई आक्रमण गर्नुबाटपनि जंगलमा शिकार को कति अभाव रहेछ भन्ने प्रष्ट हुन्छ ।

### थप कदमहरुको आवश्यकता

**शिकारको संख्या वढाउने -** यसले शिकार गर्ने जन्तु पर्याप्त छैन भने हिउँ चितुवा पनि हुँदैन । हिउँ चितुवाको बासस्थानमा प्रचुरमात्रामा नाउर, हिमालीथार, मार्मोट र चराहरुको उपस्थिति सुनिश्चित गर्ने ।

- संरक्षित क्षेत्रभित्र र बाहिर शिकार गतिविधिमा नियन्त्रण गर्ने ।
- ठूला-ठूला शिकारहरुलाई गर्मी र हिउँदमा प्रशस्त बासस्थान सुनिश्चित गर्ने र ती बासस्थानहरुलाई निकुन्जहरुको आधारमा सीमांकन गर्ने ।
- वन्यजन्तुहरुको पोषण, भोजन स्वभाव र उत्पादनशीलतामा प्रतिकूल प्रभाव नपरोस भनेर घरपालुवा जन्तुको संख्या नियन्त्रण गर्ने ।
- ठूलाठूला आहार प्रजातिका जनावरहरुको स्थितिवारे सर्वेक्षण गरी तथ्यांक राख्ने ।
- वन्यजन्तुको लागि प्रमुख क्षेत्रहरु छुट्टाउने र त्यहाँ घरपालुवा जन्तुको आवत-जावत प्रतिवन्धित वा सीमित गर्ने ।



# खतरा नं. ३

**पशुपालकहरुसंगको द्वन्द र गोठालाहरु द्वारा मारिनु** *हिउँ चितुवाहरु जस्तो ठुलो परभक्षी जनावरहरुको संरक्षणकोलागि यो सबैभन्दा प्रमुख विषय बनेको छ । घरपालुवा जनावरहरु मारिए भन्ने गुनासोमा वृद्धि हुनाका साथै घरपालुवा जनावरहरु बढी रहेका छन् भने घाँस खाने जंगली जनावरहरुको संख्या घट्दो छ ।*

- **गोठालाहरुको प्रतिशोध –** घरपालुवा जन्तुहरु मार्न पल्केको हिउँ चितुवाहरु प्राय: गरी आफैले ज्यान गुमाउनु पर्ने हुन्छ किनभने रिसले चुर भएका गोठालाहरुले पासो हालेर, विष खुवाएर वा गोली हानेर यिनीहरुलाई मार्ने गर्छन् ।


- हिउँ चितुवाहरुले किन घरपालुवा जनावरलाई आक्रमण गर्छन्? यसको चारवटा प्रमुख कारणहरु छन्:
  १. घरपालुवा जन्तुहरुलाई दिउँसो राम्ररी सुरक्षा नगरी राखिएको हुन्छ र राती पनि सुरक्षित गोठमा राम्ररी राखिएको हुँदैन ।
  २. घाँस खाने जंगली जनावरहरु जस्तो यी घरपालुवा जनावरहरुले आफ्नो सुरक्षा आफै गर्न सक्दैनन् ।
  ३. परभक्षी जनावर बुढो वा घाईते भए ।
  ४. हिउँ चितुवाहरुको लागि पर्याप्त बासस्थान वा आहारा उपलव्ध नभए ।
  - घरपालुवा जन्तु मारेको ठाउँमा हिउँ चितुवाले आफ्नो बच्चाहरुलाई ल्याउँदा बच्चाहरुले माऊबाट के, र कसरी मार्ने भन्ने कुरा सिक्छन् ।

## थप कदमहरूको आवश्यकता

**पशुपालकहरुसंग हुने द्वन्द घटाई प्रतिशोधमा मारिने क्रम रोक्ने**

मानिसहरु र जंगली जनावरहरुबीचको द्वन्द कम गर्न स्थानीय सर्वसाधारण व्यक्तिहरुको निम्ति परियोजना तय गर्ने । यी परियोजनाहरुले पशुपालक तथा गोठालाहरुलाई समस्या होईन समाधानको माध्यम बनाएर घरपालुवा जन्तुहरु मारिने संख्या कम वा शुन्य बनाउने प्रयास गर्नु पर्छ । घरपालुवा जनावरहरुलाई सुरक्षा प्रदान गर्ने केही तरिकाहरु यस प्रकार छन् ।

- परभक्षी जनावरहरु घुस्न नसक्ने गोठ बनाउने
- हिउँ चितुवाभएको वरपरका क्षेत्रमा बस्ने पशुपालकहरुलाई आफ्नो जनावरको राम्रो सुरक्षा गर्न सिकाउने तथा प्रोत्साहन गर्ने ।
- घरपालुवा जनावरको संख्या कम गर्ने तर सुधारिएको पशुपालन व्यवसायद्धारा उत्पादनशीलता र आय आर्जन बढाउने ।
- जंगली जनावरहरुको आक्रमणमा परि घाईते भएकाहरुको रगत विषाक्त भएर नमरुन् भन्ने हेतुले पशु स्वास्थ्य सेवाको प्रवन्ध गर्ने ।
- विशेष अवस्थामा मात्र घरपालुवा जनावरको क्षतिपूर्ति दिने - जस्तै: हिउँ चितुवा गोठमा पसेर थुप्रै जनावर मारेको खण्डमा अनि सुरक्षा व्यवस्था मिलाउँदा मिलाउँदै यस्तो प्रतिकुल अवस्था आएको खण्डमा घरपालुवा जनावरलाई मार्न बारम्बार आईरहने परभक्षीबारे राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग मार्फत नीति नियम तर्जुमा गर्ने ।





- जन्मेको ६ देखि ८ हप्तासम्म यी बच्चाहरु हलचल गर्दैनन् र जन्मेको गुफामानै सीमित रहन्छन् । यसकारण माऊ हिउँ चितुवाले धेरै टाढा नगई छेउ-छाउका घरपालुवा जनावरहरुलाई नै आफ्नो आहारा बनाउने गर्दछ ।
- हुर्कीसकेका तथा बासस्थान र आहाराको राम्रो प्रवन्ध नभएका क्षेत्रहरुका हिउँ चितुवाहरु संरक्षित क्षेत्र छोडेर घरपालुवा जनावरहरुको शिकार गर्छन् । घरपालुवा जनावरहरु संरक्षित क्षेत्र वरपर बस्ने समुदायका सम्पत्ति हुन् ।
- हिउँ चितुवामा आफुले मारेको शिकारलाई नछोडी सबै खाने स्वभाव हुने भएकोले पनि मानिसहरुद्धारा मारिने सम्भावना बढी हुन्छ ।

**विशेष प्रकारको क्षति - दोष कसको, गोठाला र गाउँलेहरूको?**

- अन्नपूर्ण क्षेत्रमा कुल गाईवस्तुको २.६ प्रतिशत (यसले प्रत्येक परिवारको प्रति व्यक्ति आयमा २५ प्रतिशतको ह्रास संकेत गर्दछ) ।
- प्रायजसो क्षेत्रमा ०.१ प्रतिशत
- उचित पशु-स्वास्थ सेवाको अभावमा सानातिना चोटपटकलेपनि गाईवस्तु मर्ने गर्छन् ।
- नेपाल, भारत र मंगोलियाबाट प्राप्त तथ्यांक यस प्रकार छन्:
  - घोडाहरु जुन मात्रामा उपलव्ध छन्, त्यो भन्दा निकै बढी मारिन्छन् ।
  - यसको आर्थिक मूल्य बढी भएको कारणले गर्दा प्रभावित गाउँलेहरु यी परभक्षीहरुप्रति क्रोधित हुन्छन् अनि प्रतिशोध लिन चाहन्छन् ।


**जथाभावि मार्ने - विध्वांसात्मक घटना - अत्यन्तै नाजुक अवस्था**

- रातको बेला हिउँ चितुवा असुरक्षित गोठभित्र पस्छ, अलमल्ल पर्छ, अनि थुप्रै जनावरलाई मार्छ ।
- एउटा परिवारले एकचोटीमा ५० देखि १०० वटा वा त्यो भन्दा बढी भेंडा वाखा गुमाउन सक्छन् ।
- यी गोठहरु राम्ररी निर्माण गरिएको भए यस्ता घटनाहरु हुने थिएनन् ।
- समुहलाई आक्रमण गर्ने परभक्षी या त बुढो वा चोटपटक लागेको हुन्छ वा शिकार पछ्याउन र मार्ने कुरामा दक्ष भईनसकेको घुमन्ते अर्ध-वयस्क हुन्छ ।

**पशुपालकहरूसंगको द्वन्द**

यद्यपि पशुपालकहरुसितको यस्तो द्वन्द ९,००० वर्ष भन्दा पुरानो कुरा हो जब मानिसले जनावरलाई घरमा पाल्न शुरु गरेका थिए । त्यसो भए आज किन यो समस्याको रुपमा छ त ?

- **आधुनिक** हातहतियार र पासो उपलव्ध हुनु अघि पशुपालकहरुले साधारण तर प्रभावकारी साधन प्रयोग गरेर गाईवस्तुको विनाश कम गर्थे ।
  - उनिहरुले आफ्नो गाईवस्तु माथि कडा निगरानी राख्थे ।
  - परभक्षीहरु धेरै हुने क्षेत्रमा आफ्नो गाईवस्तुहरु चराउन लैजाँदैन थिए ।
  - तिनीहरुले निपुण शिकारी कुकुरहरुको प्रयोग गर्थे ।
  - परभक्षीले आक्रमण गर्न नसक्ने गोठमा गाईवस्तुलाई रातको बेला राख्थे ।
  - परभक्षीहरुको प्रतिरोध गर्न निपुण क्षमता भएका विभिन्न जातिका पशुपालन रुचाउँथे ।
- **आजको अवस्था नाजुक छ किनभने**
  - परम्परागत ज्ञानमा ह्रास आएको छ ।
  - गोठालाहरुमा सजगताको कमी ।
  - गाईवस्तुको संख्यामा वृद्धि-परभक्षीको आहार प्रजाति चर्ने क्षेत्रमा वस्तु चरिचरण हुनु ।
  - पशुपालन प्रणालीमा परिवर्तन (अर्थात् परभक्षीको प्रतिरोध गर्न सक्ने जातका पशुधन नरोज्नु) ।
  - गाईवस्तु मारेतापनि परम्परागत धार्मिक विश्वास अनुरुप वन्यजन्तु मार्नु हुन्न भन्ने विश्वासमा ह्रास आउनु ।



# खतरा नं. ४

## बासस्थानको विखण्डन, बिनास एवं ह्रास

- हिउँ चितुवाहरुलाई बस्न पर्याप्त वा उपयुक्त बासस्थान छैन, त्यसकारण तिनीहरु संरक्षित क्षेत्रबाहिर पशुपालन गरिने क्षेत्रमा पनि आउन सक्छन् ।
- हिउँ चितुवाहरुले गाईवस्तुहरुलाई विशेष गरी संरक्षित क्षेत्रबाहिर र पृथक संरक्षित क्षेत्रहरुलाई जोड्ने जैविक मार्गमा आक्रमण गर्ने गर्छन् ।
- हिउँ चितुवाको संख्या धेरै तर बासस्थान र आहार कम भएका ठाउँमा पनि संरक्षित क्षेत्र पर्न सक्छ ।
- यहाँका अर्धवयस्क हिउँ चितुवाहरु पशुपालकहरुका क्षेत्रतिर आफ्नो क्षेत्र बिस्तार गर्ने क्रममा आउन सक्छन् ।

### थप कदमको आवश्यकता

**बासस्थानमा ह्रास तथा संरक्षित क्षेत्रको व्यवस्थापनमा सुधार ल्याउनु पर्ने**

- हिउँ चितुवाको उत्तम संरक्षण र व्यवस्थापन नेपालको संरक्षित क्षेत्रहरुको नेटवर्क र जैविक मार्गहरुमा केन्द्रित छन् । यी भू-दृश्य जैविक मार्गहरुले संरक्षित क्षेत्रहरुबीचका हिउँ चितुवाहरुका समूहबीच घुलमिल हुने मौका प्रदान गर्दछ ।


**नेपालले गर्नैपर्ने कुराहरु यस प्रकार छन्**

- हिउँ चितुवा र यसको आहार प्रजातिको लागि उपयुक्त बासस्थानको क्षेत्र वृद्धि एवं उपलब्ध गराउने ।
- दुर्वल उच्च पहाडी क्षेत्रहरुको दीगो उपयोग र जैविक विविधताको संरक्षणकालागि पारिस्थितिकिय प्रणाली अपनाउने ।
- छेउछाउका संरक्षित क्षेत्रहरु जोड्ने, मध्यवर्ती क्षेत्रहरु सिर्जना गरी त्यसको उचित व्यवस्थापनद्धारा हिउँ चितुवाको बासस्थानमा चाप कम गर्ने । यसले गर्दा अर्ध-बयस्क हिउँ चितुवाहरुलाई यताउता डुल्न प्रशस्त ठाउँ मिल्छ र कम्तिमा पनि १०० देखि २५० वटा सम्म प्रजनन् योग्य जोडीहरुको जीवनक्षम संख्या त्यहाँ हुनसक्छ ।
- पशुपालकहरुलाई प्रचलित पशु व्यवस्थापन सम्वन्धी शिक्षा दिने । यसले हिउँ चितुवा तथा अन्य परभक्षीहरुबाट हुने पशुको क्षति कम हुनेछ । (खतरा नं ३ हेर्नुहोस्)
- आफूले राम्रो हेरचाह गर्दा गर्दै गाईवस्तुको क्षति भए उचित क्षतिपूर्तिको व्यवस्था गर्ने ।
- महत्वपूर्ण क्षेत्रहरुबाट पशुपालक तथा उनीहरुको गाईवस्तुलाई बिस्तारै हटाउने ।
- चोरी शिकार प्रतिरोध गस्ति शुरु गर्ने र CITES नियमावली लागू गर्ने ।
- क्षेत्रतहमा काम गर्ने कर्मचारीहरुलाई प्रशिक्षण, सरसाधन तथा उत्पेरणाको प्रवन्ध मिलाउने ।
- प्रशिक्षण प्राप्त कर्मचारीको संख्या बढाउने ।
- गाउँलेहरु तथा पशुपालकहरुमा सजकता बढाउने ।
- हिउँ चितुवाहरुले गर्दाहुने पर्यटन विकास ।
- गोठाला, हिउँ-चितुवा तथा वातावरणबीचको अन्तर निर्भरता ।

**मध्यवर्ती क्षेत्र** – राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग र संरक्षण एवं विकाससम्वन्धी कार्य गर्ने गैर-सरकारी संस्थाहरुले

- निकुन्ज तथा मध्यवर्ती क्षेत्रका समुदायहरुलाई सक्रिय रुपले संरक्षणमा सहभागि गराउने ।
- संरक्षणकोलागि उनीहरुको सहयोग र संरक्षकत्व हासिल गर्ने ।
- संरक्षित क्षेत्रसित जोड्ने जैविक मार्ग वरपर मध्यवर्ती क्षेत्र स्थापना गर्ने ।
- सीमावर्ती संरक्षित क्षेत्रहरुको स्थापना गर्ने, जस्तैः सगर माथा-मकालु-वरुण-लाङटाङ (नेपाल) र कोमोलाङमा (तिब्बत) राष्ट्रिय निकुन्ज - विशेष गरेर सिक्किम र उत्तरप्रदेश (भारत) का सीमा क्षेत्रमा ।

Photo: Rodney Jackson©NGS





# खतरा नं. ५

## चेतनाको कमी

*पशुपालक, निकुन्ज व्यवस्थापन तथा अन्य व्यक्तिहरुमा हिउँ चितुवा संरक्षणको महत्वबारे चेतनाको अभाव ।*

- स्थानीय मानिसहरु
  - पशुपालनमा उनीहरुको जीविकोपार्जन निर्भर रहेको छ ।
  - हिउँ चितुवाहरुसंगको सह-अस्तित्वको फाईदा देखेका छैनन् ।
  - जबसम्म हिउँ चितुवाले मार्ने वस्तुभावको संख्या घटाईन्न वा मारीएका वस्तुभावको क्षतिपूर्ति हुँदैन तबसम्म यो दुर्लभ र हत्तपत्त देखा नपर्ने वन्यजन्तुको संरक्षणलाई सहयोग गर्न उनीहरु हिचकिचाउनेछन् ।
- निकुन्जको व्यवस्थापन
  - हिउँ चितुवा, उसको बासस्थान र आहार प्रजातिको संरक्षण गर्नु र त्यस कार्यमा प्रभावकारिता ल्याउनु निकुन्ज व्यवस्थापनको प्रत्यक्ष कार्य हो ।
  - व्यवस्थापन तथा नियम लागू गर्ने कार्य कमजोर छ ।
  - यी कर्मचारीहरुले कठिन अवस्था तथा प्रतिकुल मौसमको सामना गर्नुपर्छ ।
  - प्रशिक्षित कर्मचारीहरुको अभाव ।
  - कर्मचारीहरुसित आवश्यक सरसमानहरुको अभाव ।
- कठिन तथा बिकट भू-भागले सर्वेक्षण तथा निगरानी एकदमै कठिन बनाउँछ र यसले गर्दा यी संकटमा परेको प्रजातिबारे पर्याप्त जानकारी उपलब्ध छैन ।

### थप कदमको आवश्यकता

**सर्वसाधारण तथा नीति निर्माणकर्ताहरूमा हिउँ चितुवा संरक्षणको महत्व तथा मानिसहरूको जायज चिन्ताबारे चेतनाको अभाव ।**

- निम्न तरिकाहरुद्धारा जनचेतना बढाउने
  - परम्परागत दृश्य तथा विवरण प्रयोग गरेर आकर्षक पोष्टर, ब्रोसियर तथा शैक्षिक सामग्री बनाउने
  - रेडियो तथा टेलिभिजन
  - कार्यशाला तथा बृत्रचित्त प्रस्तुती
- विद्यालय तथा पाठयक्रमलाई सहयोग हुने उपयुक्त विषयवस्तु तयार पारि बितरण गर्ने ।
- संरक्षण सम्वन्धी शिक्षकहरुको प्रशिक्षणमा प्रगति गर्ने ।
- अध्ययन भ्रमण, कार्यशाला गोष्ठी तथा आदान प्रदान कार्यक्रम प्रवर्द्धन गर्ने जसद्धारा बिचारधारा तथा जानकारीको आदान-प्रदान हुनेछ ।




Photo: WWF








Photo: Rodney Jackson



ISLT ले हिउँ चितुवाको खाद्य सृङ्खलाबारे उत्पादन गरेको पोष्टर





## अहिलेसम्म नेपालमा चालिएका कदमहरू

१. हिउँ चितुवाको बासस्थान वा संभावित बासस्थान समावेश भई २२,००० वर्ग किलोमिटरमा फैलिएको क्षेत्रमा आठवटा राष्ट्रिय निकुन्ज, संरक्षित क्षेत्र तथा शिकार आरक्षको स्थापना (संरक्षित क्षेत्र बिस्तार बारेको खण्ड हेर्नुहोस् )

२. चालिएका कानुनी कदमहरु

- सन् १९७३ देखि हिउँ चितुवालाई CITES (दुर्लभ वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार महासन्धी) ले सुरक्षा प्रदान गरेको छ ।
- नेपालको राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ (१९७३) ले पूर्ण सुरक्षा प्रदान गरेको छ ।
- यो ऐनमा गरिएको चौथो संशोधनले हिउँ चितुवाको छाला बेचविखन गर्नेलाई रु. ५०,००० देखि १,००,००० जरिवाना वा ५ देखि १५ वर्ष सम्म कैद वा दुवै सजाय गर्ने नीति अपनाएको छ ।

३. सन् १९८० र १९९० को दशकमा शे-फोक्सुण्डो राष्ट्रिय निकुन्ज र अन्नपूर्ण संरक्षण क्षेत्रमा प्रारम्भिक अनुसन्धान गरिएको थियो । जंगलमा हिउँ चितुवाहरुमा संकेत प्रविधि जडित रेडियो कलर लगाइएको यो पहिलो चोटी थियो ।

४. सन् १९९९ मा डोल्पाको शे-फोक्सुण्डो राष्ट्रिय निकुन्जमा स्थलगत प्रशिक्षण प्रदान गर्न कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो ।


५. सन् १९९९ मा डोल्पाको शे-फोक्सुण्डो राष्ट्रिय निकुन्जमा हिउँ चितुवा र तिनीहरुका आहारको सर्वेक्षण गरिएको थियो ।

६. सन् १९९९ मा हिउँ चितुवा संरक्षणबारे कार्यशाला गोष्ठीको आयोजना गरिएको ।

## प्राथमिकतामा परेका कार्यहरू

- सबै संरक्षित क्षेत्रहरुमा हिउँ चितुवाको अवस्था निर्धारण गरेर मुख्य बासस्थानहरु नक्सामा देखाउने ।
- गाईवस्तुको आक्रमणले गर्दा हुने मानिस-वन्यजन्तुबीचको द्वन्दलाई कम गर्ने ।
- आहार प्रजातिकालागि उपयुक्त बासस्थान बनाएर वन्यजन्तु-गाईबस्तुबीचको अन्तरक्रिया अध्ययन गर्ने ।
- हिउँ चितुवा संरक्षणको महत्व बारे सर्वसाधारणलाई सूचित गरी शिक्षित तुल्याउने ।
- सीमापार संरक्षण क्षेत्रहरु स्थापना गर्ने कार्य प्रवर्द्धन गर्ने ।

**मरेकोभन्दा जीवित हिउँ चितुवा बहुमुल्य हुन्छ ।**



हिउँ चितुवा नेपालको उच्च पहाडी क्षेत्रको
स्वास्थ्यको वातावरणीय सूचक हो ।



**हाम्रा भावि सन्ततिको निम्ति एउटा सजीव पृथ्वी जोगाऔं ।**


**राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग**

पो. बक्स: ८६०, बबरमहल,
काठमाडौं, नेपाल
फोन: २२०९१२, २२०८५०
फ्याक्स्: ९७७-१-२२७६५७
Email: dnpwc@bdcin.wlink.com.np

**विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रम**

पो. बक्स: ७६६०, बालुवाटार
काठमाडौं, नेपाल
फोन: ४१०९४२, ४३४८२०, ४३४९७०
फ्याक्स: ९७७-१-४३८४५८
Email: mns@wwf.mos.com.np
Website: www.wwfnepal.org.np

**अन्तर्राष्ट्रिय हिउँ चितुवा कोष**

**International Snow Leopard Trust**
4649 Sunnyside Avenue N., Suite 325
Seattle, Washington 98103 USA
Phone: (206) 632-2421
Fax: (206) 632-3967
Email: islt@serv.net
Website: www.snowleopard.org/islt